NSW शिक्षा विभाग

NSW GOVERNMENT

**School counselling service**

Information for parents and carers

# विद्यालय परामर्श सेवा

## आमाबाबु र हेरचाहकर्ताहरूको लागि जानकारी

सबै NSW सार्वजनिक विद्यालयहरूमा स्कूल परामर्श सेवामार्फत मनोवैज्ञानिक सहायता पहुँच गर्न सकिन्छ।

विद्यालय परामर्श सेवामा विद्यालय परामर्शदाताहरू र विद्यालय मनोवैज्ञानिकहरू समावेश हुन्छन् जसले प्रि-स्कूलदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूको लागि परामर्श, मनोवैज्ञानिक मूल्याङ्कन र मध्यस्थता सेवाहरू प्रदान गर्छन्। तिनीहरू विद्यार्थीहरूको सिकाइ, मानसिक स्वास्थ्य र कल्याण आवश्यकताहरूमा सहयोग गर्न र सुरक्षित, स्वस्थ र सहयोगी सिकाइको वातावरण सिर्जना गर्न परिवारहरू, स्कूलका कर्मचारीहरू, र अन्य पेशेवरहरूसँग मिलेर काम गर्छन्।

सबै स्कूल परामर्श कर्मचारीहरूसँग मनोविज्ञानमा स्नातकोत्तर योग्यताहरू हुन्छ र उनीहरुले बालबालिका र युवाहरूलाई शैक्षिक, सामाजिक, व्यावहारिक र भावनात्मक रूपमा सफल हुन मद्दत गर्न मानसिक स्वास्थ्य, सिकाइ र व्यवहारमा उनीहरूको विशेषज्ञता लागू गर्छन्।

स्कूल परामर्शदाता वा स्कूल मनोवैज्ञानिकले निम्न कुराहरू गर्न सक्छन्:

- विद्यार्थीहरूको लागि परामर्श प्रदान
- विद्यार्थीको सिकाइ र मानसिक स्वास्थ्य आवश्यकताहरूको मूल्याङ्कन
- शिक्षकहरू र विशेषज्ञ कर्मचारीहरूसँग सहकार्य
- परिवारहरूलाई आफ्ना बच्चाहरूको सिकाइ र मानसिक स्वास्थ्य आवश्यकताहरू बुझ्न र व्यवस्थापन गर्न मद्दत
- व्यक्तिगत विद्यार्थीहरूको लागि समन्वित, र्‍याप-अराउन्ड सहायता प्रदान गर्न बाह्य एजेन्सीहरू र पेशेवर मानसिक स्वास्थ्यकर्मीहरूसँग सम्पर्क।

विद्यार्थीहरू, आमाबाबु वा हेरचाहकर्ताहरू, र शिक्षकहरूसँग काम गर्दा, स्कूल परामर्श कर्मचारीहरूले उनीहरूले कसरी काम गर्छन् भन्ने बयान गर्नेछन्, भनेका कुराहरू ध्यानपूर्वक सुन्नेछन्, विकल्पहरू स्पष्ट गर्न मद्दत गर्नेछन् र सूचित निर्णय लिन प्रोत्साहित गर्नेछन्।

## गोपनीयता

स्कूल परामर्श कर्मचारीहरूले विद्यार्थीहरूको लागि स्वैच्छिक र गोप्य मनोवैज्ञानिक सहायता प्रदान गर्छन्। कानूनद्वारा आवश्यक नभएसम्म वा सुरक्षा वा कल्याणमा गम्भीर जोखिम रोक्नको लागि बाहेक विद्यार्थी, अभिभावक, वा हेरचाहकर्ताको अनुमति बिना गोप्य जानकारी अरूसँग साझा गरिने छैन।

## रिफरल (सिफारिस)

विद्यालय परामर्श सहायताका लागि प्राथमिकताहरू स्कूल सिकाइ र कल्याण टोलीहरूको परामर्शमा निर्धारण गरिन्छ। आमाबाबु वा हेरचाहकर्ताहरू जो आफ्नो बच्चाको सिकाइ, मानसिक स्वास्थ्य र/वा भलाइको लागि चिन्तित छन् तिनीहरूले स्कूलमा सम्पर्क गरेर अपोइन्टमेन्टको लागि अनुरोध गर्न सक्छन्। विद्यार्थीहरूले अपोइन्टमेन्ट लिनको लागि स्वयं सिफारिस गर्न सक्छन् वा अभिभावक वा शिक्षण कर्मचारीबाट पनि सहयोग लिन सक्छन्।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने कृपया स्कूलमा फोन गर्नुहोस्। यदि तपाईंलाई आफ्नो सोधपुछमा सहयोग गर्न दोभाषे चाहिन्छ भने, कृपया टेलिफोन दोभाषे सेवालाई 131 450 मा फोन गर्नुहोस् र आफ्नो भाषामा दोभाषे माग्नुहोस्।

सञ्चालकलाई तपाईंले फोन गर्न चाहेको फोन नम्बर बताउनुहोस् र उहाँले तपाईंलाई कुरा गर्न सहयोग गर्न लाइनमा दोभाषे जोडिदिनु हुनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।